# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८१।०९।२९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी श्याम किशोर रायसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

- **प्रतिवादीहरु श्याम किशोर राय, रामबिनय प्रसाद यादव र उमेश कुमार दास** उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.९७,८४०।४० कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ (१) बमोजिम कैद र जरिवाना गरी ऐ.ऐनको दफा ८ (१) बमोजिम नै उल्लेखित बिगोसमेत असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ (२) बमोजिमको समेत सजाय हुन,
- **प्रतिवादीहरु रामभरोसी मण्डल धानुक, बालमेश्वर साह कलवार र रिना कुमारी** उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ (४) बमोजिमको कसूरमा बिगो रु.९७,८४०।४० कायम गरी ऐ.ऐनको दफा ८ (४) बमोजिम सजाय गरी ऐ. ऐनको दफा ८ (४) बमोजिम नै बिगोसमेत हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।२० को फैसलाबाट सफाई दिएको-ः

क) आयोगबाट खटिएको प्राविधिक टोलीले काम कम भएको भनी प्रतिवेदनमा मात्र उल्लेख भएको हुँदा उक्त प्रतिवेदनलाई विश्वसनीय प्रतिवेदन मान्न नमिल्ने हुँदा कम काम भएकोमा बढी रकम भुक्तानी दिइएको भन्ने दाबी सबूत प्रमाणले पुष्टि गरेको नदेखिएको।

ख) Form Work तर्फ ५३.८६ वर्ग मिटर र 1st class brick work तर्फ ४.०८ घनमिटर बढी देखाई भुक्तानी दिए लिएको भन्ने आरोप दाबी पुष्टि हुन आएको नदेखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०९।२९ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) आ.व.२०७६/०७७ मा जिल्ला सर्लाही, कविलासी नगरपालिका वडा नं. ८ स्थित अधुरो रामजानकी मन्दिर निर्माण कार्यको लागि नगरपालिकाको कार्यालयबाट रु.१०,००,०००/- बिनियोजन भएकोमा लागत अनुमान रकम रु.१०,८३,३५५/-भएकोमा फिल्डमा वास्तविक रुपमा भएको कार्यभन्दा बढी मूल्यांकन गराई भुक्तानी माग गर्ने र कार्य सम्झौता विपरीत कार्यसम्पन्न भएको भनी बढी भुक्तानी लिई सरकारी रकम हानिनोक्सानी पुऱ्याएको सम्बन्धमा आयोगको टोलीले मिति २०७९/०७/२९ मा स्थलगत अनुगमन तथा आवश्यक प्राविधिक नापजाँचसमेत गरी पेश गरेको प्रतिवेदन तथा संलग्न Quantity Comparison Sheet समेतबाट उक्त योजनाको निर्माण कार्यको नापी किताब र फिल्ड नापजाँच तुलना गर्दा Form Work मा ५९.६ वर्गमिटर बढी कार्य देखाई रु,६३,३३७.२०/- बढी भुक्तानी भएको र 1st Class Bricks Work को हकमा ३ घनमिटर बढी कार्य देखाई रु.३४,५०३.२०/- गरी जम्मा रु.९७,८४०।४० बढी भुक्तानी भएको देखिएको र सो प्रतिवेदन व्यहोरालाई सनाखत र समर्थित

गर्दै प्रतिवेदकहरु समेतले बकपत्र मार्फत पुष्टि गरेको। यसरी विशेषज्ञका रुपमा रहेका प्राविधिकको बकपत्रलाई प्रमाणका रुपमा लिनुपर्ने र सोही समेतका आधारमा मुद्दाको फैसला हुनुपर्नेमा फैसलाले सोतर्फ ध्यान पुऱ्याएको अवस्था नदेखिएको।

ख) स्थलगत मुचुल्काका लागि प्रतिवादी सब-इन्जिनियर उमेश कुमार दास, निर्माण समितिका अध्यक्ष प्रतिवादी राम भरोसी मण्डल धानुक समेतका मानिसहरु फिल्डमै पुगी बसी समग्र नापजाँच प्रकिया र नतिजामा समर्थित भई रोहबरमा सहीछाप समेत गरेको तथ्य मिसिल संलग्न मुचुल्का समेतबाट पुष्टि भैरहेकोमा सो प्रतिवेदनलाई अन्यथा मान्नुपर्ने भन्ने फैसलाले लिएको आधार नमिलेको। उक्त प्रतिवेदन व्यहोरा बमोजिमको आरोपित कसूर गरेको पुष्टि भइरहेको अवस्थामा कसूरदार ठहर गरी सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

ग) अनुसन्धानको क्रममा बयान गर्दा, प्रतिवादी राम भरोसी मण्डल धानुकले आफूलाई उक्त नापजाँचमा फरक परेको, के-कति नापजाँच गरेको हो थाहा नभएको भन्ने समेत व्यहोराको बयान गरेको, प्रतिवादी सब-ईन्जिनियर उमेश कुमार दासले उक्त योजनाको बेलाबेलामा स्थलगत निरीक्षण गरेको र नापजाँच ईन्जिनियरको रोहबरमा गरी नापी किताब बनाउने गरेको, उक्त कार्यको स्लाब बिम र प्लिन्थ बिमको नापजाँच गर्दा आयोगबाट खटिआएको टोलीले नापजाँच गरेको स्लाब बिमको १०.१३ लम्बाई भएकोमा १४.२ भएकोले सो नापजाँचमा मानवीय त्रुटी हुन सक्छ, ल्यापटपमा काम गर्दा गर्दै गल्ती हुन सक्छ भन्ने समेत व्यहोराको आरोपदाबी बमोजिमको कसूरको तथ्यमा समर्थित रही बयान गरेको। र निज समेतका प्रतिवादीहरुले अदालतमा कसूरमा इन्कारी गरेको बयानलाई तथा आरोपदाबीलाई खण्डित गर्ने कुनै बस्तुनिष्ठ प्रमाण पेश गर्न नसकेकोले प्रतिवादीहरुको बयान समेतका आधार प्रमाणहरुबाट प्रतिवादीहरुले उक्त मन्दिर निर्माण कार्यमा वास्तविक भए गरेको कार्यभन्दा बढी कार्य गरेको देखाई नक्कली नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र गलत योजना अनुगमन प्रतिवेदन बनाई बढी रकम भुक्तानी लिनुदिनु गरी कसूर गरेको पुष्टि भैरहेकोमा सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

घ) Form work र 1st class bricks work को कार्य क्रमशः १६०.२ वर्ग मिटर र ११.२ घन मिटरको कार्य फिल्डमा रहेकोमा form work र 1st class bricks work मा क्रमशः ५९.६ वर्गमिटर र ३ घनमिटर बढी मूल्यांकन गरी जम्मा रु.९७,८४०।४० रकम बढी भुक्तानी भएको मुचुल्का सहितको पेश भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन बमोजिमको बिगो कायम गरी आरोपदाबी लिईएको र सो आरोपदाबी मिसिल संलग्न समग्र प्रमाणबाट पुष्टि भइरहेकोमा प्रस्तुत फैसलाले भिन्न हुनेगरी 'Form Work तर्फ ५३.८६ वर्ग मिटर र 1st class brick work तर्फ ४.०८ घनमिटर बढी देखाई भुक्तानी दिए लिएको भन्ने आरोपदाबी पुष्टि हुन आएको नदेखिएको' भनी वस्तुनिष्ठ र तथ्यगत आधारबिनै सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे